# जिल्ला विपद् व्यवस्थापन समिति रामेछापको बैठकको निर्णय

२८ फागुन, २०७६

<u>निर्णयहरु</u>

१. स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन भएको तर सबै वडामा समिति गठन भएको नपाइएको सबै स्थानीय तहको वडा स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने । विपद् व्यवस्थापन कोष स्थापना गर्ने र विपद् सम्पर्क व्यक्ति तोकी सोको जानकारी जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र र जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

२. स्थानीय तहहरुले विपद्को समयमा उपयोग गर्न आश्रय स्थलहरु निर्माण गर्ने वा खाली भवनहरुलाई विपद्को समयमा प्रयोग गर्ने र सबै प्रकारका खोज उद्धार सामग्री, जनशक्ति आदिको चुस्त दुरुस्त अवस्थामा राख्ने।

३. विपद् पूर्व तयारीका लागि सम्पूर्ण स्थानीय तहहरु, राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्था, पत्रकार, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाईटी, सरोकारवाला सबैले आ-आफ्नो तयारीका साथ विपद् व्यवस्थापन समितिको समन्वयमा आ-आफ्नो भूमिका निभाउने ।

४. कुनै पनि स्थानमा विपद्का घटनाहरु भएको जानकारी प्राप्त हुना साथ तत्काल सुरक्षा निकाय परिचालन हुने र सुरक्षा निकायले सम्भावित विपद्को सम्बन्धमा पूर्व चेतावनी दिने तथा जोखिम न्यूनीकरणका लागि समुदायलाई सचेत बनाउने ।

५. गर्मी मौसम, सुख्खा एवं खडेरीको शुरुवातसँगै आगोलागी, चट्याङ्ग, हावाहुरी, आँधी तुफान जस्ता सम्भावित विपद्जन्य घटना भई जनधनको क्षति हुन सक्ने भएकोले त्यस्ता घटनाहरुबाट सुरक्षित हुन तथा सुरक्षित हुने व्यवस्था मिलाउनका लागि सम्बन्धित सरोकारवाला निकायहरु (स्थानीय तह एवं सरकारी तथा गैरसरकारी निकायहरु) र नागरिकहरुलाई अनुरोध गर्ने ।

६. विपद् व्यवस्थापन, मनसुन पूर्वतयारी, आगोलागी लगायतका सूचना स्थानीय पत्र/पत्रिका, एफएम रेडियो मार्फत जनचेतनामूलक सामग्री प्रकाशन/प्रसारण गर्ने ।

७. स्थानीय विपद् व्यवस्थापन समितिले आर्थिक वर्षमा गरेका कामहरुको विवरण प्रतिवेदन २०७७ श्रावण १५ गते भित्र उपलब्ध गराउने

८. विपद् प्रतिकार्यका लागि नेपाल रेडक्रस सोसाईटीको समन्वयमा र सुरक्षा निकायको सहकार्यमा आपतकालिन नमूना अभ्यास सञ्चालन गर्ने ।

९. भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायतका स्वीकृत मापदण्ड पालना गर्ने/गराउने ।

१०. जिल्ला भित्र रहेका उच्च जोखिम भएको स्थानमा बसोबास गर्ने नागरिकहरुलाई सुरक्षित स्थानमा बसोबास गर्ने वातावरण मिलाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

११. खाद्यान्न लगायत अत्यावश्यक सामाग्रीहरुलाई विपद्को अवस्थामा छिटो र छरितो तरिकाले उपलब्ध हुने गरी व्यवस्था मिलाउन रामेछाप उद्योग बाणिज्य सघं मार्फत व्यवसायीहरुलाई अनुरोध गर्ने ।

१२. जिल्ला विपद् व्यवस्थापन समितिसँग रहेका राहत सामाग्रीहरुलाई व्यवस्थित स्थानमा व्यवस्थापन गर्न तथा inventery तयार गर्न तपसिल अनुसारको समिति गठन गर्ने र उक्त राहत समग्रीहरु नेपाल रेडक्रस सोसाईटी मन्थली शाखाको जिम्मामा रहने ।

| | |
|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी | संयोजक |
| जिल्ला समन्वय समिति | सदस्य |
| नेपाल रेडक्रस सोसाईटी | सदस्य |
| रामेछाप उद्योग बाणिज्य संघ | सदस्य |
| पत्रकार महासंघ | सदस्य |
| नागरिक समाज | सदस्य |

१३. जग्गा प्राप्तको लागि स्थानीय तहले सिफारिस गर्दा विपद्को लागि छुट्याएर मात्र सिफारिस गर्ने ।

१४. स्वास्थ्यजन्य महामारी/कोरोना भाइरसको लागि तत्काल Response गर्न स्वास्थ्य कार्यालयले RRT गठन गर्ने ।

१५. कोरोना भाइरसको संक्रमणबाट सुरक्षित रहन अस्पतालहरुमा आइसोलेसन वार्ड गठन गर्ने । पूर्व निर्णय अनुरुप निरन्तरता दिने ।

१६. आगलागीको सूचना ल्याउने नागरिकलाई सूचना प्रमाणित गरी डिभिजन वन कार्यालयको प्रस्तावमा जिल्ला विपद् व्यवस्थापन समितिले पुरस्कृत गर्ने ।